नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय
(सूचना प्रविधि शाखा)

फोन : ५९७१३०७, ५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

केसरमहल, काठमाडौं, नेपाल

प.सं : सू.प्र.-०८३/८४
च.नं. MIT/४६८

मितिः २०८३/०७/१७

श्री सार्वजनिक निकाय सबै।
श्री बोलपत्रदाता, आपूर्तिकर्ता सबै।

विषयः सूचना तथा जानकारी सम्बन्धमा।

विद्युतीय खरिद प्रणाली (e-GP System) मा उच्च सुरक्षा जोखिम देखिए पछि यस कार्यालयबाट मिति २०८३/०५/११ गते देखि अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको व्यहोरा अवगत नै छ। सो सम्बन्धमा यस कार्यालयको अनुरोधमा सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रबाट नयाँ विद्युतीय खरिद प्रणाली विकास भइसकेकोले आजैका मिति देखि सञ्चालनमा ल्याइएको छ। हाल पहिलो चरणमा सार्वजनिक निकाय, बोलपत्रदाता तथा आपूर्तिकर्ताहरुले उक्त प्रणालीमा तपसिल बमोजिमका कार्यहरु गर्ने गरी प्रयोगमा ल्याउन यस कार्यालयको मिति २०८३/०७/१७ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः

१. यस नयाँ विद्युतीय खरिद प्रणालीमा सार्वजनिक निकाय, बोलपत्रदाता तथा आपूर्तिकर्ताहरु मात्र दर्ता गर्नुहुन।

२. यो सूचना प्रकाशन गरिएको मितिदेखि सबै सार्वजनिक निकायहरुले निर्माण कार्य र मालसामान खरिदको राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको बोलपत्र यस प्रणाली बमोजिम मात्र प्रकाशन गर्नुहुन।

३. सबै सार्वजनिक निकायहरुले निर्माण कार्य र मालसामान खरिदको राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको प्रस्ताव बोलपत्रदाता/आपूर्तिकर्ताले तोकिएको समय भित्र अनलाइन वा कार्यालय मै हार्डकपी मध्ये कुनै एक मध्यमवाट दाखिला गर्न सक्ने व्यवस्था गर्नुहुन।

४. सार्वजनिक निकायले बोलपत्रको खोलुवा (Opening) तथा मूल्याङ्कन (Evaluation) विद्युतीय खरिद प्रणाली मार्फत गर्नुहुन। साथै हार्डकपी मार्फत दाखिला भएका बोलपत्र प्रस्तावको अभिलेख मुचुल्का र मुल्यांकन प्रतिवेदनमा उल्लेख गर्नुहुन।

(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत